# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा र (३)

# सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायः

## खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय

कोशी प्रदेश, विराटनगर

सूचना सार्वजनिक गरेको अवधिः

२०८१ श्रावण महिना देखि २०८२ असार मसान्तसम्म

## १. निकायको स्वरुप र प्रकृति :

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा, विद्युत, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्वन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन गर्ने उद्देश्यले प्रदेश सरकारको मिति २०७८/१०/२३ को निर्णयानुसार खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको स्थापना भएको छ ।

प्रदेशमा खानेपानी, सिंचाई, नदी नियन्त्रण, उर्जा तथा विद्युत जस्ता आधारभूत भौतिक पूर्वाधारहरुको निर्माण तथा विकास गरी प्रदेशका जनताहरुलाई सामाजिक एवं आर्थिक रुपले सम्पन्न र समृद्ध बनाउने उद्येश्यले यस प्रदेशमा खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको स्थापना भएको छ।

प्रदेशमा उपलब्ध स्रोत-साधन, अवसर र क्षमताको उच्चतम उपयोग गरी खानेपानी तथा सरसफाई, सिंचाई, जलस्रोत तथा ऊर्जा विकास क्षेत्रमा पूर्वाधारको विकास गर्दै प्रदेशवासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा गुणात्मक सुधार गरी स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको आधारशीला तयार गर्ने ध्येयका साथ गठन भएको यस मन्त्रालय मातहत देहायका २४ वटा कार्यालयहरु रहेका छन् ।

तपसिल

| सि.नं. | निकाय | कार्यक्षेत्र |
|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथर | पाँचथर र ताप्लेजुङ्ग |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुङ्गा | ओखलढुङ्गा र सोलुखुम्बू |
| ३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खोटाङ | खोटाङ र उदयपुर |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटा | धनकुटा र तेह्रथुम |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भोजपुर | भोजपुर र संखुवासभा |
| ६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी | सुनसरी र मोरङ्ग |
| ७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा | झापा र इलाम |
| ८ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, झापा | झापा |
| ९ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, मोरङ | मोरङ |
| १० | जलस्रोत तथा सिंचाई विकास डिभिजन, सुनसरी | सुनसरी |
| ११ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, पाँचथर | पाँचथर |
| १२ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, ताप्लेजुङ | ताप्लेजुङ |
| १३ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, ईलाम | ईलाम |
| १४ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, संखुवासभा | संखुवासभा |
| १५ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, भोजपुर | भोजपुर |
| १६ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, तेह्रथुम | तेह्रथुम |
| १७ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, धनकुटा | धनकुटा |
| १८ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, मोरङ्ग | ओखलढुङ्गा |
| १९ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, सुनसरी | खोटाङ्ग |
| २० | जलस्रोत तथा सिंचाई विकास डिभिजन, उदयपुर | उदयपुर |


| | | |
|---|---|---|
| २१ | जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन, सोलुखुम्बू | सोलुखुम्बू |
| २२ | भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, विराटनगर | मोरङ्ग, सुनसरी, उदयपुर, झापा र इलाम |
| २३ | कन्काई सिंचाई व्यवस्थापन कार्यालय, झापा | झापा |
| २४ | चन्दा मोहना सिंचाई व्यवस्थापन कार्यालय, विराटनगर | सुनसरी |

**२. निकायको काम, कर्तव्य र अधिकार**

यस मन्त्रालयको कार्य जिम्मेवारी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को नियम ४ सँग सम्बन्धित अनुसूची-२ को खण्ड ६ अनुसार निम्न रहेको छः

- प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी (तथा पहिरो नदी) अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,
- प्रदेशस्तरमा खानेपानी, सिंचाई तथा उर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- खानेपानी, सिंचाई तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,
- प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,
- प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड कार्यान्वयन, र जल गुणस्तर सम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,
- ढल निकास तथा सरसफाई व्यवस्थापन ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण




## ४. निकायबाट प्रदान गरिने सेवा

यस मन्त्रालयबाट प्रदान गरिने सेवाहरु देहाय बमोजिमका छन्:

| महाशाखा | शाखाहरु | प्रदान गरिने सेवाहरु |
|---|---|---|
| प्रशासन, योजना तथा अनुगमन महाशाखा | प्रशासन शाखा | • प्रशासन सम्बन्धि सम्पूर्ण कामहरु |
| | आर्थिक प्रशासन शाखा | • आर्थिक प्रशासन सम्बन्धि सम्पूर्ण कामहरु |
| | कानून शाखा | • विषयसँग सम्बन्धित विषयमा कानूनी राय प्रदान गर्ने<br>• मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरुको लिखित जवाफ तयार गर्ने<br>• मन्त्रालयको कार्य विभाजनमा पर्ने विषयसँग सम्बन्धित आवश्यक पर्ने कानूनको प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने<br>• मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालय उपरका उजूरीहरु छानबिन गरि प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा बुझाउने |
| | योजना तथा अनुगमन शाखा | • योजना अनुगमन सम्बन्धि काम<br>• योजनासँग सम्बन्धि राय परामर्श |
| सिंचाइ तथा ऊर्जा विकास महाशाखा | सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन शाखा | • प्रदेशस्तरको सिंचाई तथा जल उत्पन्न प्रकोपव्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,<br>• सिंचाई सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,<br>• सिंचाई बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन |

| | | |
|---|---|---|
| | | सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,<br>• राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,<br>• प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,<br>• प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,<br>• प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, |
| | ऊर्जा विकास नियमन तथा अनुगमन शाखा | • प्रदेशस्तरको ऊर्जासम्बन्धी अध्ययन , अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,<br>• ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,<br>• ऊर्जा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,<br>• राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,<br>• प्रदेशको ऊर्जा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,<br>• प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय, |
| खानेपानी तथा सरसफाई महाशाखा | खानेपानी शाखा | • प्रदेशस्तरको खानेपानी सम्बन्धी अध्ययन , अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,<br>• खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड कार्यान्वयन, र जल गुणस्तर सम्बन्धी प्रयोगशाला व्यवस्थापन,<br>• स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,<br>• सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता, |
| | ढल निकास तथा सरसफाई शाखा | • ढल निकास तथा सरसफाई व्यवस्थापन । |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| महाशाखा | शाखाहरु | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| प्रशासन, योजना तथा अनुगमन महाशाखा | प्रशासन शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| | आर्थिक प्रशासन शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| | कानून शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| | योजना तथा अनुगमन शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| सिंचाइ तथा ऊर्जा विकास महाशाखा | सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| | ऊर्जा विकास नियमन तथा अनुगमन शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| खानेपानी तथा सरसफाई महाशाखा | खानेपानी शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |
| | ढल निकास तथा सरसफाई शाखा | महाशाखा प्रमुख/ शाखा प्रमुख | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

माथि उल्लेखित सेवा प्रदान गर्नका लागि लाग्ने दस्तुर र अवधि प्रचलित नियमानुसार हुने व्यहोरा अनुरोध छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

प्रदेश सरकार नियमावली (कार्यबिभाजन), २०७८ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरुको निर्णय गर्ने प्रक्रिया र अधिकार माननीय मन्त्रीज्यू र श्रीमान सचिवज्यूमा निहित हुनेछ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस मन्त्रालयबाट भएको निर्णय उपर गुनासो सुन्ने अधिकारीको

नाम: कृष्ण प्रसाद राजबंशी    पद: सि.डि.इ. (अधिकृतस्तर दशौं) सम्पर्क नं. ९८५१२४६४५४

## ९. सम्पादन गरेको कामको विवरण

आ.व. २०८१/८२ मा यस मन्त्रालयबाट सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन्:

**क) ऐन, नियमावली, कार्यविधि र मार्गदर्शन निमार्ण सम्बन्धी**

- प्रदेश सिंचाइ नियमावली, २०८१
- भूमिगत जल सिंचाइ आयोजना कार्यान्वयन कार्यविधि, २०८१
- सुख्खा राहत स्यालो ट्यूबवेल सिंचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- चार्जिङ्ग स्टेशन निर्माण तथा संचालन सम्बन्धी मार्गदर्शन, २०८१
- विद्युतीय शवदाह गृह निर्माण तथा संचालन सम्बन्धी मार्गदर्शन, २०८१
- WASH Plan मार्गदर्शन, २०८१

**ग) विनियोजित बजेट तथा खर्च विवरण**

| सि.नं. | विवरण | बार्षिक बजेट रु. हजारमा | जम्मा खर्च रु. हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च तर्फ | ५४१०१०।- | ३८९८९८।- | ७२.०७ |
| २ | पूँजीगत खर्च तर्फ | ३८६४३६३।- | ३६५९६९३।- | ९४.७० |
| ३ | वित्तीय व्यवस्थापन | २००००।- | ०।- | ०.०० |
| जम्मा | | ४४२५३७३।- | ४०४९५९१।- | ९१.५१ |

घ) भौतिक उपलब्धीहरु

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | नयाँ सिंचित क्षेत्रफल | हेक्टर | ३४४८.८० |
| २ | सिंचित क्षेत्रफल पुनर्स्थापना | हेक्टर | ८०८४.२० |
| ३ | बाँध निर्माण तथा तटबन्ध कार्य | कि.मि. | १४.४० |
| ४ | लाभान्वित घरधुरी | संख्या | १३६४५ |
| ५ | जग्गा संरक्षण/उकास क्षेत्रफल | हेक्टर | २८९२.५५ |
| ६ | साना पहिरो संरक्षण कार्य | संख्या | ९८.०० |
| ७ | विद्युतीय चार्जिङ्ग स्टेशन निर्माण कार्य | वटा | १०.०० |
| ८ | सौर्य ऊर्जा प्रविधि जडान कार्य | स्थान | ३.०० |
| ९ | डिप ट्यूववेल | वटा | १३ |
| १० | पावर ड्रिल ट्यूववेल | वटा | ५६ |
| ११ | स्यालो ट्यूववेल | वटा | ८११ |
| १२ | आधारभूत खानेपानीबाट लाभान्वित जनसंख्या (%) | प्रतिशत | ९३.१ |
| १३ | आधारभूत सरसफाईबाट लाभान्वित जनसंख्या (%) | प्रतिशत | ९८ |
| १४ | शुद्ध खानेपानी पुगेको घरपरिवार संख्या (%) | प्रतिशत | ३४.७ |

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद**

नाम: राजेन्द्र कुमार माझी        पद: इञ्जिनियर (अधिकृतस्तर आठौं)

सम्पर्क नं. ९८५२०३३०८७

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- प्रदेश सिंचाई नियमावली, २०८१
- नवीकरणीय ऊर्जा नीति, २०८१
- सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१
- प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाको सहभागितामा विद्युतीय शव दाह गृह निर्माण तथा सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८१
- सार्वजनिक स्थानमा शुद्ध खानेपानी जडान र हस्तान्तरणसम्बन्धी मार्गदर्शन, २०८१

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

- यस मन्त्रालयको बेभ साइटमा राखिएको व्यहोरा अनुरोध छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण**

- नभएको

**१४. सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण**

https://mowsie.koshi.gov.np

**१५. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

- नभएको

**१६. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- प्रगति प्रतिवेदन बेभ साइटमा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

- सूचना अद्यावधिक गरिएको ।

**१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

- सूचना माग सम्बन्धि निवेदन नपरेको।

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- बोलपत्र सम्बन्धि सूचनाहरु EGP System, राष्ट्रिय दैनिक पत्रिका तथा मन्त्रालयको वेभसाईटमा प्रकाशन गर्ने गरिएको ।